**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - २०६५ पुस ४**

---

## बर्दिया जिल्लामा भएका द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यसम्बन्धी उच्चायुक्तको कार्यालयको प्रतिवेदन – शान्ति प्रक्रियालाई सबल बनाउनमा थप कदम

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय)ले सरकार तथा माओवादी फौजबीच भएको द्वन्द्वका क्रममा नेपालको बर्दिया जिल्लामा शृङ्खलाबद्ध रूपमा भएका बेपत्ता पार्ने कार्य*बारे आफ्ना अनुसन्धानसम्बन्धी प्रतिवेदन बिहीबार सार्वजनिक गऱ्यो। यस प्रतिवेदनले सुरक्षाफौज तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) दुवैबाट भएका बेपत्ता पार्ने कार्यको अभिलेखन गरेको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नवी पिल्लेले आफ्नो सङ्गठनको प्रतिवेदनमा अभिलिखित १७० वटा घटनाहरूलगायत द्वन्द्वका क्रममा गरिएका सबै बलपूर्वक बेपत्ता पार्ने कार्यको अनुसन्धान गर्न जाँचबुझ आयोग गठन गर्न नेपाल सरकारले कानुनको तयारी गरेको उल्लेख गर्नुभयो।

जाँचबुझ आयोगलाई उसको अनुसन्धानका क्रममा उच्चायुक्तको कार्यालयको पूर्ण समर्थन र सहयोग रहने कुरा आफूले बताएको उल्लेख गर्दै पिल्लेले भन्नुभयो, "थुप्रै बेपत्ता पार्ने कार्यको अनुसन्धान गर्न नेपाल सरकारले गरेको प्रतिबद्धतालाई म स्वागत गर्दछु र अनुचित ढिलाइ नगरी स्वतन्त्र र विश्वसनीय जाँचबुझ आयोग स्थापना हुन्छ भन्ने आशा गर्दछु। यी घटनाहरूमा न्याय तथा न्यायिक उपचार सुनिश्चित गर्नाले पीडितहरूलाई केही राहत मात्र उपलब्ध गराउँदैन नेपालको शान्ति प्रक्रियामा यो एउटा अग्रगामी महत्त्वपूर्ण कदम पनि हुनेछ। वास्तवमा दण्डहीनता अन्त्य गर्ने सरकारको प्रतिज्ञा र कानुनी शासन तथा मानवअधिकारको सम्मानमा आधारित नयाँ नेपालको निर्माण गर्ने यसका प्रयासमा यो एउटा महत्त्वपूर्ण उपलब्धि हुनेछ," पिल्लेले भन्नुभयो।

उच्चायुक्तको कार्यालयले मध्यपश्चिम नेपालको बर्दिया जिल्लामा भएका बेपत्ता पार्ने कार्यका २०० भन्दा बढी रिपोर्टहरू प्राप्त गऱ्यो र राज्यअधिकारीहरूद्वारा बेपत्ता पारिएका भनिएका १५६ जनाका घटनाहरूको अनुसन्धान र अभिलेखन गऱ्यो। पूर्व शाही नेपाली सेना (शानेसे)ले सन् २००१ डिसेम्बरदेखि २००३ जनवरीसम्ममा पीडितहरूलाई पक्राउ गरेपछि बहुसङ्ख्यक घटनाहरू भएका थिए। योभन्दा सानो सङ्ख्याका घटनामा नेपाल प्रहरी (नेप्र) र सशस्त्र प्रहरी बल (सप्रब) मुछिएका थिए। यी कार्यहरू त्यस क्षेत्रमा माओवादी गतिविधिहरूसँग जुध्न गरिएका प्रतिविद्रोह कारबाहीका सन्दर्भमा भएका थिए। उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी)द्वारा गरिएको भनिएका १४ वटा त्यस्तै घटनाहरूको पनि अनुसन्धान गऱ्यो।

बेपत्ता पारिएकाहरूका परिवार र उच्चायुक्तको कार्यालयलगायतका मानवअधिकार सङ्गठनहरूको पटकपटकको अनुरोधका बाबजुद बर्दिया जिल्लामा राज्यअधिकारीहरूका हातबाट बेपत्ता पारिएका अधिकांश व्यक्तिहरूको अवस्था आधिकारिक रूपमा अझै अज्ञात रहेको छ। तर, उच्चायुक्तको कार्यालयको प्रतिवेदनले कैयौं थुनुवाहरू हिरासतमै वा हटाइएको छोटो समयपछि सुरक्षाफौजका सदस्यहरूद्वारा मारिएको सङ्केत गर्ने प्रत्यक्षदर्शीहरूका विश्वसनीय बयानहरूलाई उद्धरण गरेको छ। उच्चायुक्तको कार्यालयले शानेसेको चिसापानी ब्यारेकमा योजनाबद्ध रूपबाट भएको यातना तथा क्रूर, अमानवीय र अपमानजनक व्यवहारहरू पनि अभिलेखन गऱ्यो।

नेकपा (माओवादी)को हातबाट भएको भनी अभिलिखित बेपत्ता पार्ने कार्यहरू सेनाको सुराकी गर्ने भनी ठानिएका व्यक्तिहरूविरुद्ध, नेकपा (माओवादी)कै शब्दावलीअनुसार, "पार्टी कारबाही" भनिने प्रवृत्तिअन्तर्गत सन् २००२ र २००४ को बीचमा भएका थिए। अधिकांश पीडितहरू सादा पोसाक लगाएका साना समूह, कहिलेकाहीं चिनेजानेका माओवादी कार्यकर्तालगायत, द्वारा आफ्नै घर वा गाउँनजिकैबाट अपहरण गरिएका थिए।

* *हेर्नुहोस् बेपत्ता पार्ने कार्यसम्बन्धी जानकारीपत्र*

**For further information contact Marty Logan at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org, or:
**Chun Gurung, ext 320; 98510.16937 (m), cgurung@ohchr.org**

सन् २००८ जुलाईमा, नेकपा (माओवादी)ले यस प्रतिवेदनमा उल्लेख गरिएका १४ मध्ये १२ जनालाई मारिएको कुरा उच्चायुक्तको कार्यालयसमक्ष स्वीकार गऱ्यो र उच्चायुक्तको कार्यालयले जाँचबुझ आयोगका सदस्यहरूलाई पूर्ण रूपमा सहयोग गर्न नेकपा (माओवादी)सँग आग्रह गरेको छ। नेसेले सरकारी आयोगहरू र यस कार्यालयलाई जानकारी उपलब्ध गराएका घटनामा उसले बेपत्ता पारिएकाहरूमध्ये केहीको अवस्थाबारे ढाकछोप गर्ने प्रयत्न गरेको उच्चायुक्तको कार्यालय ठान्दछ। यो कार्यालय अन्तर्राष्ट्रिय कानुनले माग गरेबमोजिम शीघ्र आन्तरिक अनुसन्धान गर्न सुरक्षाफौजलाई आग्रह गर्दछ।

प्रतिवेदन सार्वजनिक गरिनुअघि उच्चायुक्तको कार्यालय सरकार, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज सङ्गठनहरू तथा संविधानसभाका सदस्यहरूसँग छलफलमा सामेल भएको थियो।

"शान्ति प्रक्रियाका क्रममा द्वन्द्वरत सबै पक्षहरूले मानवअधिकारप्रति महत्त्वपूर्ण प्रतिबद्धता जनाएका छन्। सुदूरपश्चिमाञ्चल क्षेत्रमा बिहीबार भएको सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी परामर्श - जसमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको निमन्त्रणामा म सहभागी बनेको थिएँ - जस्ता केही गतिविधिहरू सञ्चालन गरिएका छन्," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। हराएका व्यक्तिहरूका लामो समयदेखि पीडित परिवारहरूले आफ्नो जीवन पुनर्निर्माण गर्न थाल्न सकून् र न्याय दिलाउन सकियोस् भनेर द्वन्द्वका क्रममा हराएका व्यक्तिहरूको अवस्था खुलाएरसमेत बर्दिया तथा अन्य प्रभावित जिल्लाहरूमा के भयो भन्नेबारे सत्य प्रकट गर्न थप कदम चाल्न तथा यस प्रतिवेदनका विस्तृत निष्कर्षहरूको प्रयोग गर्न म सरकारलाई प्रोत्साहन गर्दछु।"

**For further information contact Marty Logan at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or **mlogan@ohchr.org**, or:
**Chun Gurung, ext 320; 98510.16937 (m), cgurung@ohchr.org**



UNIVERSAL DECLARATION OF HUMAN RIGHTS